# आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः २० अक्तूबर २०२४

समयः १८:५० – १९:०० बजे

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले वाराणासीबाट भर्चुअल माध्यमबाट बाघडुग्रा हवाई अड्डा टर्मिनल विस्तार सहित ५ राज्यहरूका ७ वटा हवाई अड्डा विस्तार शिलान्यास र लोकार्पण गर्नुभयो।

२. कलकता आर.जी कर काण्डमा आन्दोलनकारी डाक्टरहरूको नेतृत्व अनि मुख्यमन्त्री ममता ब्यानर्जी बीचको भोलि प्रस्तावित बैठकमाथि अनिश्चित छाएको छ।

३. उत्तर बंगालका सबै जिल्लाका युवाहरूका लागि आउँदो १२ देखि १८ नवम्बरसम्मा अग्निवीर भर्ती रैली आयोजित गरिनेछ।

४. तल्लो असमदेखि राती सैकड़ौं हाथीको झुण्डले अलिपुरुद्वार जिल्लामा आतंक मच्चाएकोले किसानहरू त्रसित बनेका छन्।

५. पाँच लाख रुपियाँसम्मको स्वास्थ्य बीमामाथि जी.एस.टी हटाउने मन्त्री समूहको सिफारिश।

**पी.एम वाराणसी**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज उत्तर प्रदेशको वाराणसीदेखि भर्चुअल माध्यमले देशका कैयन परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुभयो जसमा बाघडुग्रा हवाई अड्डाको टर्मिनल विस्तार अनि कार पार्किङ सामेल छ। श्री मोदीले विभिन्न राज्यका हवाई अड्डाहरूको विकास तथा अन्य परियोजनाहरूको शिलान्यास र लोकार्पण गर्नुभयो जसको कुल लागत खर्च ६ हजार ७ सय करोड़ रुपियाँ भन्दा बढ़ी छ। सिक्किमको पाकिम हवाई अड्डा विकास परियोजना पनि यसमा सामेल छ। श्री मोदीले देशका झण्डै २३ वटा ठूला परियोजनाहरूको शिलान्यास र लोकार्पण गर्नुभयो।

यस अवसरमा आज जलपाइगढ़ीको काबाखालीमा एउटा समारोहको आयोजना गरिएको थियो, जसमा केन्द्रीय जहाजरानी राज्य मन्त्री शान्तनु ठाकुर, केन्द्रीय पूर्वोत्तर राज्य विकास राज्यमन्त्री डा. सुकान्त मजुमदार, दार्जीलिङ, अलिपुरद्वार र जलपाइगढ़ीका सांसदहरू सहित बाघडुग्रा हवाई अड्डाका निदेशक मोहम्मद आरिफ समेत भारतीय हवाई अड्डा प्राधिकरणका कतिपय अधिकारीहरू उपस्थित थिए। बाघडुग्रा टर्मिनल विस्तारमा नयाँ टर्मिनल र बहुतल्ले कार पार्किङ, आधुनिक विमान पार्किङ स्थल, अग्नी शमन स्टेशन, सुरक्षा क्याबिन, निगरानी टावर, सिवरेज ट्रिटमेन्ट प्लान्ट, सड़क आदि सामेल छन्। यस टर्मिनलको विस्तारले यहाँ प्रति घण्टा ३८ सय यात्रीहरूलाई व्यवस्थापन गर्ने सुविधा मिल्नेछ साथै उत्तर बंगाल, सिक्किम, भूटान, पूर्वी नेपाल अनि तल्लो असम र उत्तर बिहारका मानिसहरूलाई धेरै सुविधा मिल्नेछ।

बाघडुग्रा हवाई अड्डा विस्तारको यो प्रथम चरण हुनेछ जसको लागत खर्च ८ सय ८३ करोड़ ८३ लाख रुपियाँ आउने छ। यसको विकास कलातरू प्रोजेक्स् इन्टरनेशनल लिमिटेडले गर्नेछ। यो नयाँ टर्मिनलको क्षेत्रफल एक लाख वर्ग मीटरको हुनेछ। १ सय ५ ऐकड़ भूमिमा यसको निर्माण गरिनेछ। दिनहूँ बाघडुग्रा हवाई अड्डामा १० हजार यात्रीहरूले झण्डै ६० वटा उड़ानहरूमा आवागमन गर्ने गर्छन्। देशको एउटा व्यस्ततम हवाई अड्डा मध्ये यो बाघडुग्रा एउटा हो।

****** ० ******

**प्रधानमन्त्री वाराणासी**

प्रधानमन्त्री नरेन्द्र मोदीले आफनो एक दिने संसदीय क्षेत्र वाराणासीको भ्रमणको क्रममा त्यहाँ अत्याधुनिक खेल परिसर सिग्रा स्टेडियम निर्माणको शिलान्यास गर्नुभयो। यस अघि १ सय १० करोड़को लागतमा निर्माण गरिएको अत्याधुनिक आर. झुझुननाल शंकर नेत्रालयको उद्घाटन गर्नुभयो। देशमा शंकर नेत्रालयको यो १४ औं वृहत अस्पताल हुनेछ। यहाँ वर्षेनी ३० हजार गरीबहरूको आँखाको शल्य चिकित्सा गर्न सकिन्छ।

****** ० ******

## आर.जी कर

आर.जी कर मेडिकल कलेज एवं अस्पतालको जूनियर डाक्टर दुष्कर्म अनि हत्या काण्डको विरोधमा चलिरहेको जूनियर डाक्टरहरूको आन्दोलनलाई लिएर भोलि मुख्यमन्त्री ममता ब्यानर्जीसित हुने प्रस्तावित बैठकमाथि अनिश्चितता छाएको छ। राज्य सरकारले बैठकका लागि जुन शर्तहरू अघि राखे यसले असमन्जसताको स्थिति उत्पन्न भएको छ। हिज राज्यका मुख्य सचिव मनोज पन्तले पश्चिम बंगाल जूनियर डाक्टर फ्रण्टलाई ई-मेल मार्फत भोक हड़तालमा बसेका डाक्टरहरूसित हड़ताल समाप्त गरे पश्चात मात्र बैठक सम्भव हुने पहिलो शर्त राखेका छन् भने दोस्रो शर्तमा डाक्टरहरूको संख्या १० भन्दा बढ़ी हुन नहुन र तेस्रो शर्त ४५ मिनट बैठकको सीमित अवधि हुने बताइएको छ जबकि हिज बिहान मुख्यमन्त्रीसित उनीहरूको टेलीफोनिक बातचितमा यस्तो कुनै शर्तहरू नराखिएको आन्दोलनकारी डाक्टरहरूको भनाई छ। स्मरण गराइन्छ कि यसै बातचितको आधारमा सचिव मनोज पन्त, गृह सचिव नन्दिनी चक्रवर्ती तथा कलकता पुलिस उपायुक्त इन्दिरा मुखर्जी अचानक एस्प्लानेडमा भोक हड़तालमा बस्ने सातजना डाक्टरसित धरना स्थलमा पनि पुगेका थिए। यसै अन्योलता बीच भोक हड़तालमा सामेल रूमेलिका कुमारले सरकारले हाम्रो भोक हड़ताललाई गम्भीरतासित नलिइरहेको बताएका छन्। विधित गराइन्छ कि फ्रन्टले राज्य सरकारलाई उनीहरूको मागलाई सोमबारसम्म पूरा नगरिए मंगलबारदेखि पूर्ण हड़तालमा जाने बाध्य हुने चेतावनी दिइसकेका छन्।

****** ० ******

## राष्ट्रपति यात्रा

राष्ट्रपति द्रौपदी मुर्मू, तीन देश, अल्जीरिया, मह्रिटानिया अनि मलावीको आफ्नो यात्रा पूरा गर्नु भए पछि आज बिहान नयाँ दिल्ली आइ पुग्नुभएको छ। राष्ट्रपतिको यस यात्राको कारण अल्जीरिया, मह्रिटानिया अनि मलावी सित भारत को ऐतिहासिक संबंधमा एउटा नयाँ अध्याय जोड़िएको छ। यात्रा अवधि राष्ट्रपति द्रौपदी मुर्मूले तीन देशका नेतृत्वसित द्विपक्षीय बैठक गर्नुभयो अनि प्रवासी भारतीयहरुसित भेटवार्ता पनि गर्नुभयो।

****** ० ******

## सिलगढ़ी- अग्निवीर भर्ती

अग्निवीर भर्ती रैली १२ नवम्बरको दिन देखि १८ नवम्बरसम्म सिलगढ़ीमा हुनेछ। कलकता स्थित सेना भर्ती कार्यालयले जानकारी दिए अनुसार सिलगढ़ी अनि बहरमपुर ए.आर.ओ-द्वारा उत्तर दिनाजपुर, दक्षिण दिनाजपुर, जलपाइगढ़ी, कालेबुङ, दार्जीलिङ्का लागि बैकुण्ठपुर सेना मैदान, सेवक सैन्य छावनी, बी.एस.एफ ए.टी.सी क्याम्प, सालुगढ़ामा यो अग्निवीर भर्ती रैली आयोजित गरिनेछ। अनलाइन परीक्षामा उत्तीर्ण युवाहरूलाई यस भर्तीका लागि निम्ताइएको छ जसमा शारीरिक दक्षता अनि चिकित्सा जाँच गरिनेछ। यसका लागि उम्मेद्वारहरूलाई एडमिट कार्ड जारी गरी सकिएको छ। अग्निपथ योजना बमोजिम यो भर्ती गरिन्दैछ। कुनै जिज्ञासा अथवा सोधपुछका लागि उम्मेद्वारहरूले ए.आर.ओ सिलगढ़ी फोन नम्बर ६ ० ० ० ०-६ २ १ ६ ४ अनि ए.आर.ओ बहरमपुर फोन नम्बर ० ३ ४ ८ २-२ ७ ४ १ ३ २ र ६ ४ ३ ४ ५-८ ४ १ ० २ मा फोन गरी जानकारी प्राप्त गर्न सक्नेछन्।

****** ० ******

## हाथी आतंक

तल्लो असमबाट हाथीका झुण्डहरू उत्तर बंगालका सीमावर्ती इलाकाहरूमा पसेर सैकड़ौं बिघा धानको बाली नष्ट गरी सकेको किसानहरूले बताएका छन्। अलिपुरद्वार जिल्लाको कुमार ग्राम इलाकाका किसानहरूले सबैभन्दा बढ़ी नोक्सानी खप्नु परेको छ। यहाँ असमबाट सैकड़ौं हाथीहरूको झुण्ड रात पर्ने बित्तिकै यी इलाकाहरूमा पस्ने गर्छन् तथा धानको खेत सहित अन्य बालीहरूलाई नष्ट गरी रहेकोले किसानहरूमा त्रासको माहौल देखिन्दैछ। किसानहरूले आरोप लगाउँदै भनेका छन् कि हाथीहरू खेतमा पस्दा वन विभागलाई सूचित गरिन्छ तर वन कर्मीहरू समयमा नआउँदा धेरै नोक्सानी भई रहेको छ। हाथीहरूले मानिसहरूलाई लखेटने गरेकोले ज्यानको नोक्सानी हुने डर भएको छ। हाथीहरूले सुपारीको बोटहरू उखेलेको पनि किसानहरूले बताएका छन्। हाथीहरू गाँउ भित्र पसेर नोक्सानी गरिरहेको समेत गाँउलेहरूले बताएका छन्।

****** ० ******

**स्वास्थ्य बीमा जी.एस.टी छूट**

स्वास्थ्य बीमा गर्नेहरूलाई झट्टै राहत मिल्नेछ। केन्द्र सरकारले पाँच लाख रुपियाँसम्मको स्वास्थ्य बीमा माथि जी.एस.टी कर नलगाउने निर्णय गरेको छ। स्वास्थ्य व जीवन बीमा माथिको जी.एस.टी मूल्यांकनका लागि गठित मन्त्री समूहले हिजको आफनो बैठकमा पाँच लाख र त्याभन्दा कम राशीका स्वास्थ्य र टर्म बीमा माथिको जी.एस.टी हटाउने सिफारिश गरेको छ। तर पाँच लाखभन्दा बढ़ीको स्वास्थ्य बीमा र टर्म बीमा माथि १८ प्रतिशतको जी.एस.टी यथावत रहनेछ। यस बारे अन्तिम निर्णय जी.एस.टी परिषदले लिनेछ। यदि जी.एस.टी परिषदले मन्त्री समूहको सिफारिशलाई स्वीकृति दियो भने आगामी प्रीमियम भर्दा उपभोक्ताहरूले जी.एस.टी-मा छूट पाउने छन्।

****** ० ******

**ई-श्रम**

केन्द्रिय श्रम एवं रोजगार मन्त्री मनसुख मान्डवियाले सोमवार ई-श्रम वन स्टप सल्यूशन पहलको शुरूआत गर्नेछन्। घोषणा अनुरूप यस पहलले असंगठित क्षेत्रका मजदूरहरूको निम्ति एकै ठाउँ विभिन्न सामाजिक योजनाहरूसम्म पहुँच सुनिश्चित हुनेछ। एक विज्ञप्ती अनुसार, ई-श्रम वन स्टप समाधान पहलले असंगठित मजदूरहरूलाई उनीहरूका लागि बनेका विभिन्न सरकारी योजनाहरू एवं कार्यक्रमबारे जानकारी प्राप्त हुनेछ। यसको उद्देश्य असंगठित श्रमिकहरूका लागि सबै सामाजिक सुरक्षा र कल्याण योजनाहरूको जानकारीलाई एउटै मंचको माध्यमले प्रभावी तरीकाले एकीकृत गर्नु हो। यस अन्तर्गत असंगठित श्रमिकहरूका लागि सामाजिक सुरक्षा र कल्याण योजनाहरूको पहिचान र कार्यान्वयनलाई सुविधाजनक बनाउने र योजनाहरूलाई तीव्र र प्रभावी तरीकाले लागू गर्नमा मदद्त गर्नेछ। फलस्वरूप, विभिन्न केन्द्रिय मन्त्रालयका विभागहरूको १२ योजनाहरूलाई अगावै ई-श्रमको साथ एकीकृत गरिसकिएको छ। उल्लेखनीय छ, २०२१ अगस्तमा ई-श्रम पोर्टल लन्च गरिएको थियो। अहिलेसम्म असंगठित क्षेत्रका ३० करोड़ कामगार यससित जोड़िएका छन्।

****** ० ******

**शव बरामद**

आज बिहान बाघडुग्रामा एक व्यक्तिको शव रूखमा झुण्डिएको अवस्थामा फेला परेपछि यस घटनाले क्षेत्रमा सनसनी मच्चिएको थियो। मृतक मालदाका वासिन्दा हुन् अनि उनी आफनो दाजुको घरमा प्रमोद नगरमा बस्दथे। प्राप्त जानकारी अनुसार बिहान घुम्न निस्केका मानिसहरूले काडोपानी चियाबारीमा झुण्डिएको अवस्थामा एकजना व्यक्तिलाई देखेपछि बाघडुग्रा थाना पुलिसलाई जानकारी दिए। पुलिसले शव बरामद गरी पोस्टमार्टमका निम्ति उत्तर बंगाल मेडिकल कलेज अनि अस्पताल पठाएको छ। पुलिसले यस घटनाको जाँचमा जुटेकोछ।

****** ० ******

*************